फोन नं. ०७१-५३१३५१

# नेपाल सरकार
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
## श्रम तथा रोजगार कार्यालय
## बुटवल

प.स: २०८०|०८१
च.नं. ३३१

मितिः-२०८०।०९।१२

श्री सबै प्रतिष्ठान,
रुपन्देही, कपिलवस्तु, नवलपरासी ( बर्दघाट सुस्ता पश्चिम ), पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा ।

विषयः- बोनस ऐनको परिपालना गर्ने सम्बन्धमा ।

बोनस ऐन, २०३० को दफा १३ बमोजिम मुनाफा आर्जन गर्ने कुनै पनि उद्योग प्रतिष्ठानहरुले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको १० प्रतिशत बराबरको रकम कानून बमोजिम बोनस वितरणको लागि छुट्टाउनु पर्ने व्यवस्था छ ।बोनसको लागि छुट्ट्याइएको सो रकमबाट बोनस वितरण पश्चात बाँकी रहन आएको रकम मध्ये ७० प्रतिशत रकम प्रतिष्ठानस्तरको कल्याणकारी कोषमा र ३० प्रतिशत रकम राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने प्रावधान ऐनमा रहेको छ । साथै बोनस बोनस ऐन, २०३० को दफा १३ (१क) अनुसार नेपाल सरकारको स्वामित्वमा रहेको प्रतिष्ठानले बोनस बापत छुट्टाएको रकम मध्येबाट २० प्रतिशत रकम प्रचलित कानून बमोजिम स्थापना भएको कल्याणकारी कोषमा र बाँकी ८० प्रतिशत रकम उद्योग प्रतिष्ठानहरुमा काम गर्ने कामदार कर्मचारीहरुको हकहितको लागि व्यवस्था गर्न नेपाल सरकारले खडा गरेको राष्ट्रियस्तरको कल्याणकारी कोषको नाममा नेपाल राष्ट्र बैङ्क स्थित खाता नं. १२०२००१-००१-००५-५२४ NPR मा जम्मा गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको छ ।ऐनको उल्लेखित व्यवस्थाको कतिपय उद्योग/प्रतिष्ठानहरुले कार्यान्वयन गरेको नदेखिएको हुँदा कानूनको परिपालना गर्नुहुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०८०।०९।१२

वरिष्ठ श्रमअधिकृत

बोधार्थ,
श्री राष्ट्रियस्तरको कल्याणकारी कोषको सचिवालय, बबरमहल, काठमाडौं ।
श्री श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, मीनभवन, काठमाडौं ।

E-mail: butwal@leo.gov.np Website: leobutwal.gov.np